# कालिञ्चोक दर्शन लिमिटेड

## केन्द्रिय कार्यालय गौशाला , पिङ्गलास्थान काठमाण्डौंको

## १२ औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :**

कालिञ्चोक दर्शन लिमिटेडको १२ औं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री बालकृष्ण शिवाकोटीको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान तथा समयमा सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :**

मिति : २०८३ साल असोज १६ गते शुक्रवार र (तदनुसार अक्टोबर २, २०२६)

समय : ११ :३० बजे ।

स्थान : जर्मन होम्स होटल,मध्यपुर ठिमी,गठाघर,भक्तपुर ।

३. **उपस्थिति :**

| | | | |
|---|---|---|---|
| क) | **सञ्चालकहरु :** | | |
| | १. श्री बालकृष्ण शिवाकोटी | : | अध्यक्ष |
| | २. श्री गिता शर्मा | : | सञ्चालक |
| | ३. श्री सावित्री पाण्डे | : | सञ्चालक तथा संयोजक - लेखापरीक्षण समिति |
| | ४. श्री ध्रुव राज शिवाकोटी | : | सञ्चालक |
| | ५. श्री कल्पना वली | : | सञ्चालक |
| | ६. श्री सुरेश गुरागाई | : | स्वतन्त्र सञ्चालक |
| ख) | **कम्पनी सचिव :** | | |
| | १. श्री तिलकराज सिवाकोटी | : | कम्पनी सचिव |
| ग) | **शेयरधनी उपस्थिति** | : | शेयरधनीहरुको उपस्थिति विवरण अनूसुचिमा उल्लेख गरिएको छ । |
| घ) | **कम्पनीका कर्मचारीहरु :** | | |
| | १. श्री देक्षेन लामा | | |
| | २. श्री महेश खरेल | | |
| | ३. श्री भुवन धमला | | |

.................
**(कम्पनी सचिव)**

.....................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को अन्तिम आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण आदि) छलफल गरी पारित गर्ने ।

३. आ.व. २०८३/०८४ को लेखापरीक्षण कार्यका लागि सञ्चालक समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संचालक को बैठक भत्ता तथा संचालकको नियुक्ति बाकी अवधि को लागि अनुमोदन गर्ने बारे ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिको अघिल्लो बैठकले सिफारिस गरे बमोजिम हालको चुक्ता पुंजी रु. ६३,००,००,०००/- को ८.५% ले हुन आउने रु. ५,३५,५०,०००/- बराबरको बोनस सेयर र सोको कर प्रयोजनार्थ ०.४४७४% ले हुन आउने रु. २८,१८,४२१.०५/- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२) कम्पनीको साविक प्रक्रियामा रहेको हकप्रद सेयर निष्कासनको सम्बन्धमा; प्रस्तावित ८.५०% बोनस सेयर वितरण पश्चात् कायम हुने चुक्ता पुंजी रु. ६८,३५,५०,०००/- मा पूर्वनिर्धारित १:१ (१००%) को अनुपातमा प्रतिसेयर रु. १००/- अंकित दरका कुल ६८,३५,५०० कित्ता हकप्रद सेयर निष्कासन प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको व्यावसायिक कार्यक्षेत्र विस्तार तथा लगानी विविधीकरण गर्न कृषि, जलविद्युत, सूचना प्रविधि, पर्यटन तथा उत्पादनमूलक क्षेत्रहरूमा लगानी एवं व्यवसाय सञ्चालन गर्ने गरी प्रबन्धपत्रको दफा ४ मा उद्देश्यहरू थप तथा परिमार्जन गर्ने प्रस्ताव पारित गर्ने ।

४) प्रस्तावित बोनस सेयर तथा हकप्रद सेयर जारी पश्चात् हुने पुंजी वृद्धिलाई समायोजन गर्न कम्पनीको जारी पुंजी र चुक्ता पुंजी वृद्धि गर्ने र सो बमोजिम प्रबन्धपत्रको दफा तथा नियमावलीका सम्बन्धित नियमहरूमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५) प्रबन्धपत्र तथा नियमावलीको संशोधन, हकप्रद सेयर निष्कासन तथा नियमनकारी निकायहरू (कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेप्से र सि.डि.एस. सि आदि) बाट कुनै

.....................
**(कम्पनी सचिव)**

.....................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

फेरबदल, थपघट वा संशोधन गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम समायोजन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. **गणपुरक संख्या** :

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| | | संख्या | शेयर | |
| ५३,४७१ | ६३,००,००० | २३० | ३८,६५,७०४ | ६१.३६ |

६. **स्वागत एवं आसन ग्रहण** :

सभाको शुरूमा कम्पनी सचिव श्री तिलकराज सिवाकोटीले सभामा उपस्थित सञ्चालक, पर्यवेक्षक, आमन्त्रित तथा शेयरधनी प्रतिनिधिलाई हार्दिक स्वागत गर्नुभयो । तत्पश्चात् कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं कम्पनीको नियमावलीको नियम १९ को उपनियम १ अनुरुप संचालक समितिका अध्यक्ष श्री बालकृष्ण शिवाकोटी ज्यूलाई साधारण सभाको अध्यक्षता गरिदिन आमन्त्रण गर्नुभयो र सभाध्यक्षको आसन ग्रहण पश्चात सभाध्यक्षको अनुमतिमा कम्पनी सचिवले संचालकहरु, उपस्थित शेयर धनिहरु, पर्यवेक्षक, आमन्त्रित महानुभावहरु तथा कम्पनीका कर्मचारीहरुलाई साधारण सभामा हार्दिक स्वागत गर्दै आसन ग्रहण गर्न आग्रह गर्नुभयो ।

७. **सभाको वैधानिकता** :

१२ औं वार्षिक साधारणसभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु २०८३/०५/२५ र २०८३/०६/०५ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिनुका साथै कम्पनीको आधिकारीक वेवसाईटमा मार्फत सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।सभामा कम्पनीका कुल ५३,४७१ शेयर धनीमध्ये २३० जना शेयरधनी स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित हुनुभएकोले कुल चुक्ता पूँजीको ६१.३६ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित शेयरधनी सभामा भाग लिन तथा मतदान गर्न आउनु भएको र १२ औं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको प्रावधान बमोजिम शेयरधनीलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले सभाध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । साथै, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा ८ बमोजिम लेखापरीक्षण समितिका अध्यक्ष लगायत कम्पनी ऐन, २०६३ को

.................
(कम्पनी सचिव)

.................
बालकृष्ण शिवाकोटी
(अध्यक्ष)

दफा ६८ बमोजिम यस कम्पनीका सम्पूर्ण संचालकहरु साधारण सभामा उपस्थित रहनुभएको जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो । सभाले कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम साधारण सभा बोलाईएको हो भन्ने यकिन गरी त्यस सम्बन्धमा अन्य प्रचलित ऐन, कानूनको पालना गरेको तथा रीतपूर्वक साधारण सभाको सूचना दिइएकाले सभाको लागि आवश्यक गणपूरक संख्या समेत पुगेको सभाले सभा गर्न मञ्जुर गरेकाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको हुँदा सभाध्यक्ष श्री बालकृष्ण शिवाकोटीज्यूले सभाको काम कारबाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ ।

८. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति :**

क) १२ औं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री बालकृष्ण शिवाकोटीले उपस्थित शेयरधनी प्रतिनिधि, पर्यवेक्षक, आमन्त्रित लगायतका महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८२/८३ को वार्षिक आर्थिक विवरणहरु (आषाढ मसान्त २०८३ को वासलात, आ.व. २०८२/८३ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफलका लागि प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सभाध्यक्षले प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरण उपरको छलफलमा भाग लिन तथा कम्पनीको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्बन्धमा आफ्नो राय, जिज्ञाशा तथा सुझाव व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

९. **छलफलमा सहभागी शेयरधनी प्रतिनिधि :**

कम्पनीको कामकारबाही, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरण सम्बन्धी छलफलमा निम्न शेयरधनीहरुले आ-आफ्नो सुझावहरु राख्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | जगन्नाथ आचार्य | ९. | गोविन्द बहादुर के.सी. |
| २. | भेषराज भण्डारी | १०. | इन्द्र प्रसाद लामिछाने |
| ३. | सुदीप श्रेष्ठ | ११. | निरुपमा गुप्ता |

.....................
**(कम्पनी सचिव)**

.....................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

| | | | |
|---|---|---|---|
| ४. | ब्रहम्देव शाक्य | १२. | लक्ष्मण बहादुर श्रेष्ठ |
| ५. | शत्रुधन श्रेष्ठ | १३. | राजकाजि रंजित |
| ६. | युगल बसेल | १४. | माधव प्रसाद सिम्खडा |
| ७. | इन्द्र कृष्ण श्रेष्ठ | १५. | बैजुनाथ रुमोरिया |
| ८. | सुरेन्द्र चिमोरिया | | |

## १०. मन्तब्य, प्रतिकृया तथा प्रतिउत्तर :

छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्यः

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम कम्पनीका अध्यक्ष, सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो। अघिल्लो वर्षको तुलनामा यस वर्ष कम्पनीले नाफामा वृद्धि गर्दै ८.५ प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ ०.४४७४ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा शेयरधनीहरुले सञ्चालक समितिको उच्च प्रशंसा गर्नुभयो। देशमा विद्यमान आर्थिक मन्दी र तरलता अभावका बाबजुद कम्पनीले हासिल गरेको यो उपलब्धि सन्तोषजनक रहेको बताउनुभयो ।

यद्यपि, वार्षिक प्रतिवेदनमाथि टिप्पणी गर्दै शेयरधनीहरुले २०८२ भाद्र २३ र २४ गते केबलकार परिसरमा 'जेन्जी' को नाममा भएको अवाञ्छित प्रदर्शन तथा तोडफोड र हाल २०८३ भाद्र महिनामा आएको बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपका कारण कम्पनीलाई पर्न गएको भौतिक तथा आर्थिक क्षतिका विषयमा गम्भीर चिन्ता व्यक्त गर्नुभयो । यस्ता अराजक गतिविधि र प्राकृतिक विपत्तिबाट भविष्यमा कम्पनीको सम्पत्ति र व्यवसायलाई कसरी सुरक्षित राख्ने भन्ने विषयमा ठोस सुरक्षा रणनीति र जोखिम व्यवस्थापन योजना ल्याउन व्यवस्थापनको गम्भीर ध्यानाकर्षण गराउनुभयो ।

साथै, शेयरधनीहरुले कम्पनीले अगाडि बढाएको १:१ अनुपातको हकप्रद शेयरको निष्कासन प्रक्रिया कहिलेसम्म सम्पन्न हुन्छ र यसको अवस्था के छ भन्ने जिज्ञासा राख्नुभयो । भक्तपुरको सूर्यविनायक, गुण्डुमा निर्माण हुने भनिएको आधुनिक होटलको भौतिक प्रगति कुन चरणमा छ र कम्पनीले लगानी विविधीकरण अन्तर्गत पर्यटन, कृषि, जलविद्युत, सूचना प्रविधि र उत्पादनमूलक उद्योगमा गर्न लागेको नयाँ लगानीको सम्भाव्यता र प्रतिफलका बारेमा समेत थप प्रष्ट पार्न अनुरोध गर्नुभयो । अन्त्यमा, अघिल्लो सभाको सुझावलाई मनन गर्दै यस १२ औं वार्षिक साधारण सभालाई भक्तपुरको जर्मन होम्स होटेल जस्तो व्यवस्थित स्थानमा समयमै र भव्यताका साथ आयोजना गरेकोमा व्यवस्थापन पक्षलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

| | | |
|---|---|---|
| .................. | कालिन्चोक दर्शन लिमिटेड, पिङ्लास्थान | .................. |
| (कम्पनी सचिव) | | बालकृष्ण शिवाकोटी |
| | | (अध्यक्ष) |

**सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :**

आदरणीय शेयरधनी महानुभावहरु,

विगत केही वर्षदेखि कोभिडको असर, देशलाई गाँजेको आर्थिक मन्दी र चरम तरलता अभावलाई चिर्दै हामी यहाँसम्म आइपुगेका छौं । एकातिर केबलकारमा प्रयोग हुने अत्यावश्यक सामान युरोपबाट मगाउनुपर्ने बाध्यता छ भने युरोको भाउ लगातार बढिरहँदा महँगीसँगै हाम्रो सञ्चालन लागत ह्वात्तै बढेको छ । त्यसमाथि, यस पटक हामीले एउटा अत्यन्तै दुःखद र अप्रत्याशित घटनाको सामना गर्नुपर्यो । २०८२ भाद्र २३ र २४ गते देशमा घटेका आपराधिक घटनाको फाइदा उठाउँदै 'जेन्जी' को नाममा केही अराजक समूह हाम्रो कम्पनी परिसरमा प्रवेश गरी केबलकारमा तोडफोड गरी गम्भीर क्षति पुर्याए। यस आपराधिक हर्कतका कारण हामीले केही समय केबलकार सञ्चालन नै बन्द गर्नुपर्यो, जसबाट कम्पनीलाई निकै ठूलो आर्थिक क्षति पुगेको छ। हामीले संलग्न व्यक्तिहरुलाई कारबाहीका लागि सम्बन्धित निकायमा लिखित र मौखिक उजुरी समेत दिइसकेका छौं । उक्त घटना पछि समयमा नै सेवालाई सुरक्षित रुपमा पुनः सुचारु गरिसकेका छौं ।

यस्ता चुनौती, जोखिम र क्षतिका बाबजुद पनि, आज म यहाँहरुलाई खुसीको खबर सुनाउन चाहन्छु। कम्पनीले यस वर्षको आम्दानीबाट आफ्ना शेयरधनी महानुभावहरुलाई ८.५ प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय गरेको छ । हकप्रद शेयरको विषयमा, हाम्रो साविकको चुक्ता पूँजी रु. ६३ करोडको आधारमा १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव नेपाल धितोपत्र बोर्डमा पेश भई हाल बोर्डको पाइपलाइनमा रहेको छ । यस वर्ष प्रस्तावित ८.५ प्रतिशत बोनस शेयर वितरण पश्चात् कायम हुन आउने बढेको कुल चुक्ता पुँजी (रु. ६८ करोड ३५ लाख ५० हजार) को आधारमा उक्त हकप्रद शेयर समायोजन तथा निष्कासन हुने गरी आवश्यक व्यवस्था मिलाउने प्रक्रिया हामीले अगाडि बढाउने निर्णय गरिसकेका छौं ।

हकप्रद शेयर लगायतबाट प्राप्त हुने पूँजीलाई यथोचित ढंगले परिचालन गर्न हामीले स्पष्ट खाका तयार पारेका छौं। पहिलो, यसबाट प्राप्त हुने रकमले बैंकको बाँकी कर्जा भुक्तानी गरिनेछ । दोस्रो, कम्पनीको पूर्व निर्धारित कार्यक्रम अनुसार भक्तपुरको सूर्यविनायक नगरपालिका (गुण्डु) मा कम्पनीले खरिद गरेको जग्गामा अत्याधुनिक आधुनिक होटल निर्माण गरिनेछ । हाल उक्त होटलको आर्किटेक्चरल डिजाइन र प्रारम्भिक वातावरणीय परीक्षण को काम सकिने अन्तिम चरणमा पुगेको छ भने सरकारी निकायबाट लिनुपर्ने स्वीकृतिहरू पनि अन्तिम चरणमा छन् । यसका अलावा, कम्पनीको व्यावसायिक दायरा फराकिलो बनाउन र लगानी विविधीकरण गर्नका लागि पर्यटन, कृषि तथा कृषिजन्य उद्योग, जलविद्युत एवं नवीकरणीय ऊर्जा,

(कम्पनी सचिव)

बालकृष्ण शिवाकोटी
(अध्यक्ष)

सूचना प्रविधि, र उत्पादनमूलक उद्योग लगायतका क्षेत्रहरूमा लगानी गर्ने प्रस्ताव आजको सभामा विशेष प्रस्तावका रूपमा ल्याइएको छ ।

हामीले नाफा मात्र हेरेका छैनौ, सामाजिक उत्तरदायित्व र पूर्वाधार विकासमा पनि उत्तिकै ध्यान दिएका छौं। मन्दिर परिसरको पुरानो पाटीलाई विस्थापित गरी नयाँ पुरातात्विक पाटी निर्माण, मन्दिरसम्म पुग्ने बाटोमा सिँढी र रेलिङ निर्माण तथा ढुंगा छाप्ने काम कम्पनीकै पहलमा सम्पन्न भइसकेको छ । सुरक्षाका लागि सीसी क्यामेरा र सोलार बत्ती जडान गरेका छौं भने देउरालीदेखि कुरी बजारसम्मको बाटो निर्माण र सुधारमा कम्पनीको सक्रियता रहेको छ । यसैगरी, मिति २०८२ साल भाद्र १० गते गएको विनाशकारी प्राकृतिक प्रकोपका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका प्रभावित क्षेत्रहरूमा भएको अपूरणीय जनधनको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै, कम्पनीको तर्फबाट 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रु. ११,११,१११/- (अक्षरेपी एघार लाख एघार हजार एक सय एघार रुपैयाँ) आर्थिक सहयोग समेत उपलब्ध गराएका छौं ।

अबको हाम्रो लक्ष्य भनेको बस तथा निजी सवारीसाधन पार्किङ व्यवस्थापनलाई थप ठूलो र व्यवस्थित बनाउने, खानेपानीको ट्याङ्की र पाइपलाइन मर्मत गर्ने, छुट्टै टिकट काउण्टर र सुरक्षा पोस्ट निर्माण गर्ने, बैंकिङ प्रयोजनका लागि भवन बनाउने र ईभी गाडीका लागि चार्जिङ स्टेसन स्थापना गर्ने रहेको छ । हामी जोखिमबाट भाग्ने होइन, त्यसलाई व्यवस्थापन गर्दै कम्पनीलाई देशकै एउटा सबल र सक्षम संस्थाको रुपमा स्थापित गर्न सञ्चालक समिति दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु ।

११. **साधारण सभाको निर्णय :**

क. **सामान्य प्रस्तावतर्फ :**

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व. २०८२/८३ का लागि पेश गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव राख्नुभएकोमा सभाले सो सञ्चालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

२. तत्पश्चात् छलफलको विषयसूची नं.२ बमोजिम सभाध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८२/८३ को वार्षिक आर्थिक विवरणहरु (आषाढ मसान्त २०८३ को वासलात, आ.व. २०८२/८३ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण

.................
**(कम्पनी सचिव)**

.....................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. छलफलको विषयसूची नं. ३ बमोजिम कम्पनी ऐन, २०६३ को प्रावधानअनुरूप प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य मेसर्स टी. सुवास एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई आ.व. २०८३/८४ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर सहित रु. २,००,०००/- (अक्षरेपि दुई लाख रुपैयाँ मात्र) निर्धारण गर्न सभाध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व. २०८३/८४ का लागि मेसर्स टी. सुवास एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गरी कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर सहित रु.२,००,०००/- (अक्षरेपि दुई लाख रुपैयाँ मात्र) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. छलफलको विषयसूची नं. ४ अन्तर्गत सञ्चालक समितिको बैठक भत्तासम्बन्धी प्रस्ताव अध्यक्षज्यूबाट सभासमक्ष पेश गरियो। उक्त प्रस्तावमाथि छलफल भई सभामा उपस्थित सम्पूर्ण शेयरधनीज्यूहरूबाट स्वीकृति प्राप्त भएको हुँदा अध्यक्षज्यूको प्रति बैठक भत्ता रु. १५,०००।- र अन्य सञ्चालक सदस्यज्यूहरूको प्रति बैठक भत्ता रु. १२,०००।- निर्धारण गर्ने प्रस्ताव सर्वसम्मत रूपमा पारित गरियो। साथै, सञ्चालकको नियुक्ति बाँकी अवधिको लागि अनुमोदन गर्ने प्रस्तावका सम्बन्धमा, सञ्चालक समितिबाट यसअघि नै नियुक्त भई कार्यभार सम्हाल्दै आउनुभएका सञ्चालक श्री ध्रुव राज शिवाकोटीको नियुक्तिलाई बाँकी अवधिको लागि सर्वसम्मतिले अनुमोदन गरी पारित गरियो ।

**ख) विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको आ.व. २०८२/०८३ को नाफा बाट ८.५ प्रतिशत वोनश शेयर (रु ५,३५,५०,०००) र ०.४४७४ प्रतिसत नगद लाभाँश (रु २८,१८,४२१.०५) ( कर प्रयोजनका लागी ) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । साथै उपरोक्त शेयर ( धितोपत्र) सम्बन्धीत निकायहरुमा दर्ता तथा सुचिकरण गर्ने सर्वसम्मतिबाट पारित गऱ्यो ।

(कम्पनी सचिव)

बालकृष्ण शिवाकोटी
(अध्यक्ष)

२. विशेष प्रस्ताव नं. २ बमोजिम कम्पनीको साविकको चुक्ता पुँजी रु. ६३,००,००,०००/- को आधारमा १:१ अनुपातमा हकप्रद सेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डमा पेश भई हाल पाइपलाइनमा रहेको प्रक्रियालाई निरन्तरता दिँदै र सोमा समायोजन गर्दै; यस साधारण सभाबाट प्रस्तावित ८.५०% बोनस सेयर वितरण पश्चात् कायम हुन आउने चुक्ता पुँजी रु. ६८,३५,५०,०००/- (अठसट्ठी करोड पैंतीस लाख पचास हजार रुपैयाँ) मा १:१ (१००%) को अनुपातमा प्रतिसेयर रु. १००/- अंकित दरका कुल ६८,३५,५०० (अठसट्ठी लाख पैंतीस हजार पाँच सय) कित्ता हकप्रद सेयर कायम सम्पूर्ण शेयरधनीहरूलाई निष्कासन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

हकप्रद शेयर निष्काशनबाट संकलित पुजिलाई देहाय बमोजिम उपभोग गरीने छ ।

| **क्रम संख्या** | **पुँजिको उपयोग** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | बैकबाट लिएको ऋण तिर्ने | रु ४,००,००,०००। | |
| २ | कृषि तथा कृषिजन्य उद्योग, जलविद्युत एवं नवीकरणीय ऊर्जा, सूचना प्रविधि, पर्यटन र उत्पादनमूलक उद्योग लगायतका क्षेत्रहरूमा लगानी | रु २७,८५,५०,०००। | |
| ३ | कम्पनीको नाममा रहेको जग्गामा होटेल निर्माण गर्ने | रु.३६,५०,००,०००। | |

३. विशेष प्रस्ताव नं. ३ बमोजिम कम्पनीको व्यावसायिक कार्यक्षेत्र विस्तार तथा लगानी विविधीकरण (Investment Diversification) गर्नका लागि कृषि तथा कृषिजन्य उद्योग, जलविद्युत एवं नवीकरणीय ऊर्जा, सूचना प्रविधि, पर्यटन र उत्पादनमूलक उद्योग लगायतका क्षेत्रहरूमा लगानी तथा व्यवसाय सञ्चालन गर्ने गरी प्रबन्धपत्रको दफा ४ को उपदफा (१) (घ) यस कम्पनीले कृषि तथा कृषिजन्य उद्योग, जलविद्युत एवं नवीकरणीय ऊर्जा, सूचना प्रविधि, पर्यटन र उत्पादनमूलक

..................
**(कम्पनी सचिव)**

..................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

उद्योग लगायतका क्षेत्रहरूमा लगानी तथा व्यवसाय सञ्चालन गर्ने । गरि उद्देश्यहरू थप तथा परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. विशेष प्रस्ताव नं. ४ बमोजिम प्रस्तावित बोनस सेयर तथा १:१ हकप्रद सेयर निष्कासन पश्चात् हुने पुंजी वृद्धिलाई समायोजन गर्न कम्पनीको जारी पुंजी वृद्धि गरी रु. १,३६,७१,००,०००/- (एक अर्ब छत्तीस करोड एकहत्तर लाख रुपैयाँ) कायम गर्ने र सोही अनुरूप प्रबन्धपत्र र नियमावलीका सम्बन्धित दफा तथा नियमहरू संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

**<u>दफा ६.कम्पनीको पूँजीको संरचना</u>** : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–

(ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. १,३६,७१,००,०००/–(एक अर्ब छत्तिस करोड एकहत्तर लाख रुपैयाँ) मात्र हुनेछ । सो पूँजी लाई प्रति शेयर रु. १००/-दरका १,३६,७१,०००।-(एक करोड छत्तिस लाख) एकहत्तर हजार थान साधारण शेयरमा विभाजन गरिएको छ ।

५. विशेष प्रस्ताव नं. ५ अन्तर्गत नियामक निकायहरुको निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न र कम्पनीले जारी गरेको हकप्रद शेयर निष्काशनको लागि आवश्यक कार्यहरुका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभा समक्ष सभाध्यक्षले पेश गर्नु भएकोमा सभाले प्रबन्धपत्र तथा नियमावलीका संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्टारको कार्यालय ,उद्योग , बैंक तथा वित्तिय संस्था आदिमा आईपर्ने कुनै पनि कार्य जस्तै : कर्जा प्राप्त गर्ने , शेयर दाखिल खारेज,धितोपत्र कारोवार , घर, जग्गा खरिद बिक्री , होटल ,रिर्सोट , जलविद्युत , जीपलाईन , केवलकार तथा अन्य आवश्यक निर्माण तथा दर्ता ,संचालन , संम्झौता, विनियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन तथा पूंजी वृद्धि, पर्यटन प्रबर्धन सम्बन्धी कार्य ,अन्य सहायक कंपनी दर्ता आदि सम्बन्धी कुनै पनि कानुनी प्रक्रियाको लागि आवश्यक निर्णय गर्ने तथा निर्णयमा दस्तखत गर्ने लगायत प्रबन्धपत्र तथा नियमावलीको संशोधन, हकप्रद सेयर निष्कासन तथा नियमनकारी निकायहरू (कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेप्से र सि.डि.एस. सि आदि) बाट कुनै

..................
**(कम्पनी सचिव)**

..................
**बालकृष्ण शिवाकोटी**
**(अध्यक्ष)**

फेरबदल, थपघट वा संशोधन गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम समायोजन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग. विविध**

साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो

**१२. <u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u> :**

अन्त्यमा, सभाध्यक्ष श्री वालकृष्ण सिवाकोटीले सभामा उपस्थित शेयरधनी प्रतिनिधि, पर्यवेक्षक, लेखापरीक्षकं, सञ्चालकहरु, आमन्त्रितहरु, कम्पनीका कर्मचारीहरु तथा कम्पनीको १२ औं साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै साधारण सभामा प्रस्तुत सम्पुर्ण विषयहरुमा आधिकारिक छलफल भई निर्णय भएकाले दिनको करिब ३:०० बजे विधिवत् रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| .................. | .................. |
| **(कम्पनी सचिव)** | **बालकृष्ण शिवाकोटी** |
| | **(अध्यक्ष)** |